नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सामान्य सेवा विभाग

## सूचि दर्ता गर्ने बारेको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७६।११।२९)

यस बैंकको लागि आवश्यक तहविहिन कर्मचारीहरु भर्नाको सूचना/विज्ञापन प्रकाशन, आवेदन लिने,छनौट गर्ने र नियुत्तिका लागी उपयुत्त उम्मेदवार सिफारिस लगायतका कार्य गर्न Consulting Service उपलब्ध गराउन सक्ने फर्म/कम्पनीहरुको सुचि कायम गर्न गोरखापत्र दैनिकमा मिति २०७६।०९।२३ मा प्रकाशित सूचना बमोजिम पर्याप्त फर्म/कम्पनीहरु दर्ता हुन नआएकोले उल्लेख भएका शर्तहरुमा आवश्यक परिमार्जन गरी उक्त सेवा आपूर्ति गर्न सक्ने फर्म/कम्पनीहरुले यस विभागबाट वितरण गरिएको फाराम भरी सूचि दर्ता शुल्क रु.१,०००/- सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिनको अफिस समय भित्र यस विभागमा दर्ता गराउन हुन सूचित गरिन्छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** :-

- फर्म/कम्पनीको दर्ता प्रमाण-पत्र र हालसम्मको नविकरण भएको कागजात,
- आ.ब.२०७५/०५६ सम्मको आयकर चुक्ता वा दाखिला प्रमाण,
- स्थायी लेखा नम्वर (PAN) तथा मुल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाण-पत्र,
- कम्पनी भए प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी,
- कार्यदक्षताको अनुभव सम्वन्धी प्रमाण-पत्र,

**सूचिकृत हुने सम्वन्धमा थप जानकारीहरु** :-

१. सूचिकृत हुन निवेदन दिनेहरु मध्येबाट ग्राह्य ठहरिएका बिक्रेता/फर्महरुलाई मात्र सूचिकृत गरिनेछ ।

२. सूचिकृत हुनको लागि बैंकबाट बितरण गरिएको फर्म साथ अनुभव लगायतका माथि उल्लेखित कागजात तथा विवरणहरु आफैले प्रमाणित गरी प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. सूचिकृत मध्येबाट बैंकले आवश्यक सेवाहरु सोझै खरिद, वा सिलबन्दी कोटेशनको माध्यमबाट खरिद गर्नेछ । बैंकबाट कोटेशन माग भएको अवस्थामा कोटेशन दिनु पर्नेछ ।

४. सूचिकृत भएका फर्म/ कम्पनीहरुबाट बैंकको आवश्यकता अनुसारको सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघटबाट भाग लिन अनुरोध गर्न सकिनेछ ।

५. सूचिकृत हुन चाहने फर्म/कम्पनीहरुले दर्ता शुल्क वापत रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस हिसाब नं.००२००१०६७११२८३००००००१ मा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

६. सूचिकृत भएका सबै फर्म/कम्पनीबाट सेवा खरिद गर्न बैंक बाध्य हुने छैन ।

७. बैंकले बोलपत्रको माध्यमबाट सेवा खरिद गर्दाको हकमा भने सुचिकृत भएका र नभएका अन्य संस्था/कम्पनीले पनि भाग लिन पाउने गरी कार्य गर्न सक्नेछ ।

८. सूचिकृतमा पर्ने फर्म/कम्पनीहरु सूचिकृत भएको जानकारी यस बैंकको सुचना पाटीमा टाँस गरिनेछ र बैंकको वेवसाइटमा पनि राखिने छ ।

९. सूचिकृत भएका फर्म/कम्पनीहरुको सेवा सन्तोषजनक नभएको खण्डमा सुचिबाट विना सूचना नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाईने छैन ।

१०. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क गरी जानकारी प्राप्त गर्नका साथै यस बैंकको वेभ साईट **www.nepalbank.com.np** भित्र Notice Board मा हेर्न र फर्म डाउन लोड गर्न सकिनेछ ।

११. कुनै फर्म/कम्पनीलाई सूचिकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस बैंकमा नै निहित रहनेछ ।

**सुचिदर्ता हुन आवश्यक शर्तहरु**

- VAT तथा PAN मा दर्ता भएको हुनुपर्ने
- फर्म / कम्पनि दर्ता भएको न्यूनतम ३ वर्ष भएको हुनुपर्ने
- संगठित संघ-संस्थामा न्यूनतम ३ वर्ष कारोवार गरेको हुनुपर्ने
- कम्पनिको विगत ३ बर्षको कुल Sales Turnover कम्तिमा ६ करोड वा सो भन्दा बढी भएको हुनुपर्ने ।
- कम्पनिको १०० भन्दा बढी शाखा भएका कम्पनिहरुमा वा बैंक तथा वित्तिय संस्थामा कर्मचारीहरुको पूर्ती गरिसकेको कार्य अनुभव प्रमाण भएको हुनुपर्ने